नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति:२०७८ असोज १८ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

हिजो मिति २०७८/०६/१७ र आज विभिन्न अनलाइन तथा प्रिन्ट मिडियामार्फत *"गठबन्धनमा प्रधान न्यायाधीश पनि ?"* तथा *"मन्त्रिमण्डल विस्तारमा प्रधान न्यायाधीशको पनि कोटा ?"* लगायतका शिर्षक राखी सार्वजनिक सञ्चार माध्यममा आएको समाचारप्रति नेबाएको गम्भीर ध्यानाकर्षण भएको छ । राज्यका निकायहरुका बिचको शक्ति सन्तुलन र नियन्त्रण, शक्ति पृथकीकरणको सिद्धान्त, संबैधानिक सर्वोच्चता, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको अवधारणा प्रतिकूल हुने यस्ता क्रियाकलापको नेबाएले सँधै बिरोध र भर्त्सना गर्दछ ।

सार्वजनिक सञ्चार माध्यममा आएका उल्लेखित विषयका समाचार यदि सत्य हुन भने यो अत्यन्तै असंवैधानिक र राज्यसंयन्त्र मै दखल पुग्ने, संविधानको घोर उल्लंघन भई चरम अराजकता बढ्ने र अन्तत असफल राष्ट्र बन्ने, बनाउनेतर्फ राजनीतिक दलका नेता तथा संवैधानिक जिम्मेवारीमा रहेका सम्माननीयज्यूहरु नै संलग्न रहनु कानून व्यवसायीहरु मात्र होइन आम नगरिकको पनि चिन्ताको विषय हो । यस्तो संवैधानिक शासन व्यवस्थाको परिकल्पना नेपालको संविधानले मात्र होइन कुनै पनि संवैधानिक, कानूनी एवं राजनीतिक मान्य, सिद्धान्तले पनि गरेका छैनन, गर्दैनन । यस्तो स्थितिमा मुलुकका जिम्मेवार संवैधानिक अङ्गहरुका प्रमुखहरु नै यसतर्फ उन्मूख हुने कार्य घोर असंवैधानिक, अलोकतान्त्रिक र खेदजन्य समेत हो । न्यायपालिकाका प्रमुख सम्माननीय प्रधान न्यायाधीशज्यूले न्यायपालिका सुधारका कार्यतर्फ उदासिन रही अन्य संवैधानिक निकायहरुमा आफ्नो प्रत्यक्ष चासो र हस्तक्षेप बढाइ रहेका कुराहरु यस अघि पनि आईरहेका र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत मै विवादहरु विचाराधिन रहि रहेको अवस्था कार्यपालिकासँग समेत आफ्नो भाग वा कोटा खोज्ने र उक्त कोटा दिन सम्माननीय प्रधानमन्त्री र राजनीतिक दलका नेताहरु तयार रहने कार्यबाट न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षतामा गम्भीर संकट उत्पन्न भएको नेबाएले महशुस गरेको छ ।

अतः समाचारमा आए जस्तो कार्य यदि कहिँ कतैबाट हुन लागेको छ वा भईरहेको छ भने तत्काल त्यसलाई रोकि शक्ति पृथकीकरणको सिद्धान्त, नियन्त्रण र सन्तुलनको सिद्धान्त र संवैधानिक सर्वोच्चता कायम राखी सुशासन कायम गर्न सम्बन्धित सबैमा अनुरोध गर्दै यदि यो विषयलाई सामान्य रुपमा लिई अगाडी बढ्ने प्रयास भएमा नेबाए न्यायपालिका र यसको नेतृत्वमात्र होइन सरकार विरुद्ध पनि कडा विरोध र आन्दोलनका कार्यक्रमहरु गर्न बाध्य हुने बेहोरा समेत जानकारी गराउँदै सम्पूर्ण कानून व्यवसायी र आम पेशा व्यवसायी, नागरिक समाज, पत्रकार तथा नेपाली नागरिकलाई समेत यस अभियानमा साथ, साहयोग र समर्थन गर्न समेत अपिल गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव